## गाउँपालिका अध्यक्ष श्री ऋषिकेशव बुढामगरद्वारा

## १३ औँ गाउँ सभाको बैठकमा प्रस्तुत गरिएको आ.व २०८०/०८१ को

# नीति तथा कार्यक्रम

## थबाङ गाउँपालिका

## २०८० असार ०९

गाउँसभाका सदस्यहरू,

१. थबाङ गाउँपालिकाको अध्यक्षको रूपमा दोश्रो पटक पालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म आफूलाई गौरवानुभूति महसुस गरेको छु। यस अवसरमा राष्ट्र र जनताको बृहत्तर हित र कल्याण लागि आफ्नो ज्यानको आहुति दिने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै विभिन्न राजनीतिक परिवर्तन तथा सामाजिक साँस्कृतिक रूपान्तरणको कालखण्डमा नेतृत्व प्रदान गर्ने राजनीतिक दल तथा नेपाली जनताप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

२. २०७९ वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिले कार्यभार सम्हालेको एक वर्ष पूरा भएको छ। २०७९ मंसिर ४ गते सम्पन्न भएको संघीय तथा प्रदेश सभाको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिको कार्यकाल सुखद समृद्ध र जनमुखी रहोस तथा जनताको बृहत्तर हितका लागि फलदायी रहोस भन्ने शुभकामना पनि व्यक्त गर्दछु।

सभाका सदस्यहरू

३. गत वर्ष स्थानीय तहको निर्वाचन हुदै गर्दा हामीले व्यक्त गरेका प्रतिबद्धताहरू स्रोत र साधनको आनुपातिक उपलब्धताको आधारमा स्थानीय सरकारले क्रमश पूरा गर्दै लगेको छ। यस अवधिमा सुधारका कदमहरूले क्रमश गति लिदै गएको छ।

४. स्वच्छ र प्रतिस्पर्धात्मक कार्य प्रणालीको अबलम्बनले पालिकाको लोकतान्त्रिक मूल्य र मान्यताहरू संस्थागत हुँदै गएको छ। पालिकाको दुरदृष्टि लागु गर्ने सन्दर्भमा सम्पूर्ण राजनीतिक दल लगायत सरोकारवालाहरूको साथ र सहयोग प्राप्त भएको छ। पालिकाप्रति जनताको आशा र भरोसा बढ्दै गएको छ।

५. पालिकाको आन्तरिक आयको दिगो वृद्धि र स्रोतहरूको खोजिमा प्रयासहरू भएको छ। पालिकालाई आत्मनिर्भर बनाउने दिशातिर पालिकाको सम्पूर्ण ध्यान केन्द्रित भएको छ, यसबाट बिस्तारै सुधारका संकेतहरू देखा परिरहेका छन्।

६. नेपालमा आएको ठूलो भुकम्प र लगत्तै केहि वर्ष अघि देखापरेको कोरोनाको विश्वव्यापी महामारीबाट नेपाल लगायत विश्वव्यापी रूपमा सम्पूर्ण क्षेत्र प्रभावित भएको सर्वविढितै छ। कोरोनाको महामारीबाट मुक्त हुदै गर्दा यस पालिकामा पनि बिस्तारै सुधारका संकेतहरू देखा परिहेको म जानकारी गराउन चाहन्छु।

७. सेवा प्रवाह, सुशासन, विकास निर्माण, अनुगमन तथा मूल्यांङ्कन लगायत सम्पूर्ण क्षेत्रमा सुधारका कामहरू सुरुवात भएको छ। भर्खरै पालिका पूर्ण खोप युक्त पालिका घोषित भएको छ।

८. पालिकाबाट जनतालाई प्रवाह गरिने सेवा सकेसम्म कम खर्चिलो, सर्व सुलभ, छिटो र सहज ढंगले उपलब्ध गराउने कार्य भैरहेको छ । निष्पक्ष तथा प्रतिस्पर्धात्मक प्रणालीलाई अबलम्बन गरिएको छ । पारदर्शी तथा जवाफदेही कार्य प्रणाली अनुशरण गरिएको छ। भ्रष्टाचारमा शुन्य सहनशीलताको नीति अख्तियार गरिएको छ।

९. वडा वडाबाट प्रवाह हुने पञ्जिकरण लगायतका कामहरू समयमै कम खर्चिलो ढंगले प्रदान भैरहेको छ। सम्पूर्ण सेवा प्रवाहका कामहरू विद्युतीय माध्यमबाट सञ्चालन गर्ने काम भैरहेको छ। स्वास्थ्य सेवालाई सर्वसुलभ तथा गुणस्तरीय ढंगले जनताको घरदैलोसम्म पुऱ्याउने काम भैरहेको छ। पालिकाबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरूको वस्तुनिष्ठ एवम सामाजिक समावेशीकरणको दृष्टिकोणबाट समेत अनुगमन तथा मूल्यांकन भैरहेको छ।

१०. भ्रष्टाचारको नियन्त्रणमा पालिकाका सम्पूर्ण निकायहरू एकैठाउँमा उभिएका छन्। पालिकाको सम्पूर्ण अवयवहरूमा उपलब्ध स्रोत र साधनको समन्यायिक वितरण मार्फत सामर्थ्य जुटाई अघि बढिरहेको छ। यसबाट समग्रमा राज्यले अंगिकार गरेको नीति तथा यसका दायित्वहरू पूरा गर्न सहयोग पुगेको छ।

सभाका सदस्यहरू,

११. पालिकाको विकास र समृद्धिको प्राप्तिका लागि पालिकाभित्र विद्यमान प्राकृतिक स्रोत साधन तथा उत्पादनमा अधिकतम जोड दिइएको छ । मानवीय स्रोत र साधनको अधिकतम परिचालन गरी गुणस्तरीय प्रतिफल प्राप्त गर्न विभिन्न क्षमता विकास कार्यक्रमहरू सञ्चालन भएका छन्।

१२. पालिकाभित्र सञ्चालन हुने योजना तथा कार्यक्रमहरूमा स्रोतको अधिकतम सदुपयोग भई उचित प्रतिफल प्राप्त होस भन्ने उद्देश्यले गरिने अनुगमन तथा मूल्यांकन कार्य वस्तुगत, विधिसम्मत र अन्तरसम्बन्धित विषयहरूका अवयवहरूको दृष्टिले समेत गर्ने गरिएको छ।

१३. पालिकाभित्र जनताले सहज र सर्वसुलभ सेवा प्राप्तिका लागि संस्थागत क्षमताहरूको विकास तथा विस्तार गर्ने कार्य भैरहेको छ । वन, वातावरण तथा प्रकृतिको संरक्षणका लागि पालिकाबासीमा सचेतनाको अभिवृद्धि हुदै गैरहेको छ।

१४. पालिकाभित्र उपलब्ध विभिन्न प्रकारका प्राकृतिक स्रोतहरू, भौगोलिक विविधता, प्रचुर पर्यटकीय सम्भावना, पालिकाबासीमा बढ्दै गएको सामूहिक एकता, दिगो र सुरक्षित पूर्वाधारहरूको उपलब्धता र सुशासनको संस्थागत विकास थबाङ गाउँपालिकाको विकास र समृद्धिको लागि अबसरको रूपमा रहेका छन्।

१५. प्राकृतिक स्रोत, उत्पादन र उत्पादकत्वका सम्पूर्ण क्षेत्रलाई राजस्वको दायरामा ल्याउन नसक्नु, विकास, समृद्धि र सामाजिक सेवाभावका लागि समर्पण र त्यागको भावना विकास गर्न नसक्नु, भौगोलिक बनावट अनुसार दिगो पूर्वाधारको विकास गर्न कठिनाइ हुनु, वन तथा वातावरणीय सचेतनाको विकास प्रचुर मात्रामा हुन

नसक्नु तथा विकास, सुशासन र सेवा प्रवाहका लागि आवश्यक मानवीय जनशक्तिको उपलब्धता हुन नसक्नु थबाङ गाउँपालिकाका लागि चुनौतिका रूपमा देखिएका छन् ।

सभाका सदस्यहरू,

१६. दिर्घकालीन सोच तथा राष्ट्रिय योजना, लुम्बिनी प्रदेशको आवधिक योजना, सङ्घ, प्रदेश र स्थानीय तहको नीति, विषयगत रणनीति/गुरुयोजना, दिगो विकासका लक्ष्य, विपद जोखिम न्युनिकरण, जलवायु परिवर्तन अनुकुलन, वातावरणमैत्री तथा बालमैत्री स्थानीय शासन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण लगायतका विकासका अन्तरसम्बन्धित विषयहरू, नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्व, सङ्घ र प्रदेश सरकारले अबलम्बन गरेका आर्थिक तथा अन्य विषय क्षेत्रगत नीति लगायतको आधारमा थबाङ गाउँपालिकाको आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

१७. सबल समृद्ध र न्यायपूर्ण पालिकाको निर्माण पालिकाको सर्वोपरी लक्ष्य हो । पालिकाको सम्पूर्ण अवयवहरूमा समावेशी प्रणाली संस्थागत गर्नु पालिकाको प्रमुख कार्यभार हो ।

१८. सार्वजनिक खर्चमा मितव्ययिता, पूँजीगत खर्च वृद्धि, गुणस्तरीय पूर्वाधार निर्माण, शासकीय व्यवस्था र सेवा प्रवाहमा सुधार, भ्रष्टाचार नियन्त्रण, उत्पादन र रोजगारी वृद्धि, आर्थिक सामाजिक विभेदको अन्त्य, गरिबी निवारण, समावेशी विकास पालिकाका प्रमुख नीतिगत प्राथमिकता हुनेछन् । पालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट यीनै प्राथमिकतामा परिलक्षित हुनेछन् ।

१९. अब म थबाङ गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्याक्रम विषयगत रुपमा प्रस्तुत गर्न चाहन्छु ।

***आर्थिक विकास तर्फ***

सभाको सदस्यहरू,

१. कृषिलाई थप व्यवस्थित बनाई उत्पादन र उत्पादकत्वको बढावा मार्फत किसानहरूको जीवनस्तर उकास्न कृषि क्षेत्रलाई प्राथमिकता दिइनेछ । कृषि क्षेत्रमा किसानहरूको उत्पादनको प्रचारप्रसार तथा प्रवर्द्धन गर्न कृषि मेलाको आयोजना गरिनेछ । कृषकको उत्पादनलाई खेर जान नदिन कृषि हात बजार मेलाको आयोजना गरिनेछ । ***देखेपछि आत्मविश्वास बढ्छ*** भन्ने मूल नाराका साथ पालिकाका किसानहरूलाई देशका विभिन्न नमूना कृषि फर्म तथा कृषि बारीहरूको अध्ययन र अवलोकन गराइनेछ ।

२. कृषकहरूको उत्पादनलाई खेर जान नदिन कृषकहरूले उत्पादन गरेका खाद्यवस्तुको खरिद गरी जिल्ला भित्र वा बाहिर निर्यात गर्न विभिन्न निकायहरूसंग सम्झौता गरिनेछ । थबाङ गाउँपालिकालाई कार्यक्षेत्र बनाई क्रियाशिल विभिन्न गैरसरकारी संस्थासंग कृषि क्षेत्रको विकासको लागि हातेमालो गरी अघि बढ्ने नीति अख्तियार गरिनेछ ।

३. ***कृषकहरूलाई सहायता: पालिकाको ग्राह्यता*** भन्ने मूल नाराका साथ पालिकाभित्र क्रियाशील नमूना कृषी समूह तथा कृषक घरपरिवार छनौट गरी न्यूनतम लागत सहभागितामा अनुदान कार्यक्रमलाई प्राथमिकता दिइनेछ । कृषि क्षेत्रमा विकास भएका विभिन्न प्रविधि तथा खेति गर्ने विधिहरूको अबलम्बन गर्न कृषकहरूलाई थप सहायता दिने विषयलाई मुख्य प्राथमिकता दिइनेछ ।

४. ***थबाङ गाउँपालिकाको कृषक: समृद्धि र विकासको संवाहक*** भन्ने मुल नाराका साथ पालिकाका कृषक समूह तथा कृषक घर परिवारालाई न्युनतम लागत सहभागितामा उन्नत बालीनालीको बिउ बिजन वितरण तथा स्तरिकरण गरिनेछ । गुणस्तरीय बिउ बिजनको उत्पादनलाई विशेष जोड दिइने छ ।

५. कृषि विमा कार्यक्रमलाई विशेष जोड दिइनेछ । सम्पूर्ण कृषि उपजहरूको न्युनतम मूल्य निर्धारण गरिनेछ । कृषि भण्डारन कक्षलाई थप व्यवस्थित र समयानुकुल बनाइनेछ । बाँझो जमिनको उपयोगलाई थप व्यवस्थित बनाउन र युवालाई प्रोत्साहन गर्न सामुदायिक खेति प्रणालीलाई जोड दिइनेछ । चालाबाङमा सामूहिक स्याउँ उत्पादन कार्यलाई अगाडि बढाइनेछ ।

६. थबाङमा उत्पादन हुने आलु तथा स्याउको बजारीकरण गर्न ब्रान्डिङ प्रणालीलाई थप अगाडि बढाइने छ । सिँचाईको उपलब्धता बढाइ उत्पादनमा आत्मनिर्भर हुन र निर्यातलाई प्रोत्साहित गर्न सिँचाइको सम्भाव्यता र उपलब्धताको खोजी गरिनेछ ।

७. ***हामी बनाउँछौ हाम्रो पालिकालाई आत्मनिर्भर*** भन्ने मुल नाराका साथ पालिका भित्रका कृषकहरूलाई व्यावसायिक खेतीका लागि आवश्यक सीपको विकास गर्न तालिमको व्यवस्था गरिनेछ । साथै पुस्तौदेखि उत्पादन गर्दै आइरहेका रैथाने बाली संरक्षणमा जोड दिइनेछ ।

८. गाउँपालिकामा उत्पादन भइरहेका रेशादार बालीहरुको प्रवर्द्धन गरिनेछ ।

९. एक वडा एक नमूना उत्पादनको सम्भाव्यता अध्ययन गरी ठूला परिमाणमा व्यवसायिक उत्पादन गर्न कृषकहरुलाई प्रेरित गरिनेछ ।

१०. पालिका भित्र उत्पादन हुने मौलिक वस्तुको प्रचारप्रसार तथा प्रवर्द्धन गर्न प्रदर्शनीस्थल मेला सञ्चालन गरिनेछ ।

११. पालिकाको आन्तरिक उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी पालिकालाई आत्मनिर्भर गराउन नीजि क्षेत्रसंग सहकार्य गरिनेछ ।

१२. राजस्व क्षेत्रलाई थप सुदृढ प्रभावकारी तथा चुस्त दुरुस्त गरिनेछ । राजस्वको क्षेत्रभन्दा बाहिर रहेका सम्पत्ति करको क्षेत्र, व्यवसायिक क्षेत्र, घर बहालको क्षेत्र, बहाल विटौरी क्षेत्र, कवाडी जीवजन्तुको क्षेत्र, कृषिको उत्पादन क्षेत्र लगायत सम्पूर्ण क्षेत्रहरूलाई वस्तुगत तथा प्रभावकारी एवम् समयसापेक्ष र जनमूखी कर नीतिको तर्जुमा र कार्यान्वयन मार्फत करको दायरामा ल्याइनेछ ।

१३. पालिकाभित्र क्रियाशील मौलिक संस्कृतिहरूको जगेर्ना गरिनेछ । ***हाम्रो संस्कृति हाम्रो गौरव*** भन्ने मूल नाराका साथ संस्कृति बचाउ अभियान सञ्चालन गरिनेछ । युद्ध संग्रहालयलाई थप व्यवस्थित गरिनेछ ।

१४. थबाङ गाउँपालिकामा रहेको जलजला क्षेत्रलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचारप्रसार गरी पर्यटकहरूको आकर्षणको केन्द्रको रूपमा विकास गरिनेछ । पर्यटकहरूको बासस्थान तथा घुमफिरलाई थप व्यवस्थित बनाउन जलजला पर्यटकीय स्थल व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ ।

१५. पर्यटन क्षेत्रको विकासको लागि मगर समुदाय घरबास लगायत अन्य समुदायका घरबासहरुलाई अघि बढाउन तालिम भ्रमणको व्यवस्था गरिनेछ ।

१६. पालिकाभित्र निर्माण गरिने घरहरूमा मौलिक संस्कृति झल्काउने संरचना निर्माण गर्न विशेष व्यवस्था गरिनेछ । पक्की घरहरू निर्माण गर्दा प्राचीन कला संस्कृति संरक्षण गर्ने गरी डिजाइन गरिनेछ ।

१७. सहकारी संघ संस्थाहरुको लागि सहकारी सम्बन्धी तालिमको व्यवस्था गरिनेछ । सहकारी क्षेत्रको संचालन, नियमन तथा उत्पादनलाई थप प्रभावकारी बनाइने छ । यसको उत्पादन तथा लगानीलाई लक्षित वर्गसम्म पुऱ्याउन वस्तुगत सूचकाङ्कको व्यवस्था गरिनेछ । यसको बचत तथा ऋणलाई थप प्रभावकारी ढंगले परिचालन गर्न विशेष पहल गरिनेछ ।

१८. संघीय सरकारले भाङ्गो खेतीका लागि आवश्यक अध्ययन अनुसन्धान गर्न लागेकाले गाउँपालिका क्षेत्रभित्र अध्ययन अनुसन्धान गर्नका लागि पहल गरिनेछ ।

१९. योजना तथा बजेट प्रणालीलाई सुदृढ र नतिजामुखी तुल्याइने छ । प्राथमिकताप्राप्त क्षेत्र र विपन्न वर्गमा प्रवाह गरिनेछ । यसको कार्यान्वयनमा प्रभावकारी नियमन र सुपरीवेक्षणको व्यवस्था गरिनेछ ।

२०. पालिकाबाट तर्जुमा गरिने योजना तथा कार्यक्रमहरूमा दिगो विकासका लक्ष्यहरूलाई आन्तरिकीकरण गरिनेछ । नेपाल सरकारले विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा गरेको प्रतिबद्धताहरूलाई स्थानीयकरण गरी कार्यान्वयन गरिनेछ ।

*सामाजिक विकास तर्फ*

२१. एक घर एक धाराका लागि बाँकी घर तथा बस्तीहरूमा तिव्र रूपमा कार्यक्रम सञ्चालन गरिनेछ। पानीको गुणस्तर कायम गर्न विशेष ख्याल गरिनेछ।

२२. शहिदमार्ग तथा बजार क्षेत्रमा सेवाग्राहीको अधिक चाप हुने स्थानहरूमा सार्वजनिक शौचालयको निर्माण गरिनेछ। सवारी साधनको व्यवस्थित पार्किङ स्थलको लागि बसपार्कको निर्माणको लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।

२३. लैंगिक सशक्तिकरण तथा सामाजिक समावेशीकरणको नीति तर्जुमा गरिनेछ। रणनीतिले दिशानिर्देश गरेको लक्ष्यहरू प्राप्त गर्न अधिकतम प्रयास गरिनेछ। शिक्षा, स्वास्थ्य, सरसफाई फोहोरमैला व्यवस्थापन, गरिबी निवारण, जिविकोपार्जन लगायतका कार्यमा महिला लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२४. *पालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण गर्दा महिला बालबालिका तथा वञ्चितिकरणमा परेको समूहको अवस्था विश्लेषणको आधारमा सो समूहको लागि प्रत्यक्ष फाइदा पुग्ने गरी कुल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याइने छ। पालिकाद्वारा आफ्ना नीति, कानून, योजना जारी गर्नुभन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा गरिनेछ।*

२५. गरिब, दलित महिला, अपाङ्ग, किशोरकिशोरी, बालबालिका, एकल महिला लगायत आर्थिक तथा सामाजिक रूपले वञ्चितिकरणमा परेका वर्ग तथा समुदायका लागि जीवनयापनमा सहयोग पुऱ्याउने गरी लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ। साथै अपाङ्गमैत्री, पोषणमैत्री, बालमैत्री तथा दलित छुवाछुट मुक्त पालिका बनाउनका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२६. महिलाहरूको आर्थिक क्षेत्रमा सहभागिता, नेतृत्व विकास, शिक्षा, स्वास्थ्य, लगानी तथा अन्तरसम्बन्धित विषयहरूमा पहुँच अभिवृद्धि एवम् समतामूलक र न्यायपूर्ण समाज निर्माणको लागि महिला सशक्तीकरण कार्यक्रम अन्तर्गत सकारात्मक सोच, नेतृत्व विकास तथा क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ।

२७. महिला तथा किशोरीहरू विरुद्ध हुन सक्ने सबै प्रकारका हिंसाको अन्त्य तथा रोकथामको लागि जनचेतनामूलक कार्यहरू गरिनेछ। हिंसामा परेका महिला तथा असहायको तत्कालको आवश्यकताको सम्बोधन गर्न विशेष व्यवस्था गरिनेछ। गर्भवति तथा सुत्केरी महिलाको स्वास्थ्य तथा सुरक्षित जीवनको लागि कार्यक्रम सञ्चालन गरिनेछ।

२८. *लैङ्गिक हिंसा, महिला सीप विकास, नेतृत्व विकास र क्षमता अभिवृद्धि जस्ता विषयहरूमा स्रोत व्यवस्थापन गर्नका लागि कोष स्थापना गरिनेछ। लैङ्गिक डेस्कको विकास र आवश्यक मानवीय स्रोतहरूको लागि बजेट व्यवस्था गरिनेछ।*

२९. उमेर नपुगी काममा लगाउने बालश्रम विरुद्ध विशेष अभियान सञ्चालन गरिनेछ । बालबालिकाको संरक्षण र उद्दारका लागि पालिकामा **बाल श्रमको अन्त्यः पालिकाको सहि गन्तव्य** भन्ने मूल नाराका साथ कार्यक्रम सञ्चालन गरिनेछ ।

३०. साथै बाल विवाह र बहु विवाहलाई निरुतसाहित गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

३१. अपाङ्गहरूको लागि सहज हुने गरी नयाँ बन्ने पूर्वाधारहरू निर्माण गरिनेछ । अपाङ्गहरूको आर्थिक तथा सामाजिक जीवनयापनलाई मर्यादित बनाउन रोजगारमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

३२. ज्येष्ठ नागरिकहरूको जीवनयापनलाई सहज र सरल बनाउन उनीहरूको ज्ञान र सीपको उपयोग गरिनेछ । सरकारी काम तथा सेवामा विशेष छुटको व्यवस्था गरिनेछ ।

३३. संभावित मानव बेचबिखनलाई अन्त्य गर्न जनजागरण अभियान सञ्चालन गरिनेछ । उद्दार तथा पुनस्थापना गरिने कार्यमा सामाजिक सदभाव बढाउन आवश्यक कार्यहरू सञ्चालन गरिनेछ ।

३४. महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको कार्ययोजना र संयुक्त राष्ट्र संघीय सुरक्षा परिषद बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानवअधिकार कार्ययोजना तथा छुवाछुत विरुद्धको कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन तथा कार्यान्वयन गरिनेछ ।

३५. लैससास विकासका लागि विभिन्न सरोकारवाला निकायहरूबीच समन्वय गरी लैससास सम्बन्धि क्षमता विकास तालिम सञ्चालन तथा व्यवस्थापन गरिनेछ । ग्रामिण महिला प्राविधिक र समाजिक परिचालक तयार गरिनेछ ।

३६. बेइजिङ घोषणापत्रको १२ वटा कार्यक्रम तय गरी कार्यान्वयन गरिनेछ । संयुक्त राष्ट्र संघीय बाल अधिकार महासन्धि १९८९ मा गरिएको प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरूमा बजेट विनियोजन गरिनेछ ।

३७. स्थानीय तहका महिला तथा समावेशी समूहबाट निर्वाचित भएका समेत जनप्रतिनिधि र कर्मचारीलाई कानूनी साक्षरता अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ । महिला विकास सम्बन्धमा भएको बेइजिङ घोषणापत्रका १२ ओटा प्रतिबद्धता पत्रका बारेमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

३८. महिला विकास सम्बन्धमा भएको बेइजिङ घोषणापत्रका १२ ओटा प्रतिबद्धता पत्रका बारेमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ । लैससास परीक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयका लागि पर्याप्त बजेट तथा कार्यक्रम वार्षिक योजनामा समावेश गरिनेछ ।

३९. पालिका भित्रको शिक्षा क्षेत्रको गुणस्तरमा विद्यमान असमानतालाई कम गर्न विशेष पहल गरिनेछ। विद्यालयमा रहने शिक्षक विद्यार्थीको अनुपातको पुनरावलोकन गरी शिक्षकको व्यवस्थापन गरिनेछ। शिक्षकको मूल्यांकनको लागि निश्चित मापदण्ड अबलम्बन गरिनेछ।

४०. बालबिकास, प्राथमिक, आधारभूत तथा माध्यामिक तहमा हुने पठनपाठनको नियमित अनुगमन गरिनेछ। विद्यार्थीको नियमित मूल्यांकनका लागि नियमित परीक्षा सञ्चालन गरिनेछ। विद्यालयमा हुने पठनपाठनलाई सूचना प्रविधिमा आधारित बनाउन डिजिटल प्रणाली अबलम्बन गरिनेछ।

४१. विद्यालयलाई उपलब्ध गराइने दिवा खाजा, किशोरीहरूको लागि उपलब्ध गराइने स्यानिटरी प्याड लगायतका कार्यहरूमा व्यवस्थित अभिलेख राखि तथ्यमा आधारित बनाइनेछ। विद्यालयमा उपलब्ध गराइने छात्रवृत्ती कार्यक्रममा दोहोरोपन हटाइनेछ। संघीय सरकार तथा प्रदेश सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रमका लागि गुणस्तर कायम गरिनेछ। साथै श्री वीर बलभद्र नमूना मा विमा हाल +२ मा कृषि संकाय संचालन हुदैँ आइरहेकोमा विज्ञान संकाय संचालन गर्नका लागि आवश्यक प्रकृया अघि बढाइनेछ।

४२. स्थानीय भाषा संस्कृतिको संरक्षण गर्न तथा स्थानीय महत्वलाई जोगाइराख्न पालिकाभित्र शैक्षिक सत्र २०८०/०८१ बाट स्थानीय पाठ्यक्रम लागु गरिनेछ। पहिलो वर्ष कक्षा १ मा लागु गरी क्रमश अन्य कक्षाहरूमा लागु गरिनेछ।

४३. थबाङ गाउँपालिकाको झकेबाङमा रहेको जलजला अस्पताल तथा अनुसन्धान केन्द्रलाई थप व्यवस्थित बनाइनेछ। यस आसपासको लागि रिफर अस्पतालको रूपमा चौबीसै घण्टा सेवा सञ्चालनलाई थप प्रभावकारी बनाइनेछ।

४४. थबाङ गाउँपालिकामा रहेको एउटा एम्बुलेन्सलाई सधै तयारी अवस्थामा राखिनेछ। पालिका भित्र रहेका ९ वटै स्वास्थ्य संस्थाहरूलाई थप व्यवस्थित र स्तरोन्नति गरिनेछ। सर्ने र नसर्ने रोगको सम्बन्धमा महिला, बालबालिका तथा जनसाधारणमाझ विशेष कार्यक्रम सञ्चालन गरिनेछ। स्वास्थ्य विमा गर्न सहजीकरण र सहयोग गर्ने कार्यक्रम तथा बजेटको व्यवस्था गरिनेछ।

४५. स्वास्थ्य संस्थाहरूलाई कार्यसम्पादनका आधारमा मूल्यांकन गरिनेछ। नवजात शिशु तथा मातृमृत्यु दर बढी भएका वडाहरूमा मातृ तथा नवजात शिशु स्याहार एवम् उपचार सेवाका लागि अभियान सञ्चालन गरिनेछ। प्रजनन स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गरिनेछ।

४६. झकेबाङमा निर्माण भैरहेको १५ शैयाको अस्पतालको निर्माण कार्य २०८१ बैशाख मसान्तभित्र सम्पन्न गरिनेछ।

४७. वार्षिक खेलकुद क्यालेन्डर तयार गरी अन्तरपालिका प्रतियोगिता खेलकुद आयोजना गरिनेछ। थबाङ गाउँपालिकाबाट विभिन्न प्रतियोगितामा सहभागी भएर पदक हासिल गर्ने खेलाडिहरूलाई सम्मान गरिनेछ।

४८. युवालाई सीपयुक्त श्रमको लागि आवश्यक तालिम सञ्चालन गरिनेछ । रोजगार तथा उत्पादनका कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ।

४९. न्यायलाई थप छिटो, छरितो, कम खर्चिलो तथा बस्तुनिष्ठ बनाउन न्याय समिति तथा वडाका मेलमिलाप सदस्यहरूको क्षमता अभिवृद्धिको लागि तालिम तथा अवलोकन भ्रमणको व्यवस्था गरिनेछ।

५०. ऐतिहासिक जनयुद्धबाट पिडित नागरिकहरूलाई सम्मान तथा अभिनन्दन गरिनेछ । ***जनयुद्ध सम्झना*** शीर्षकमा अन्तरपालिका खेलकुदको आयोजना गरिनेछ।

५१. सरकारी सेवामा प्रतिस्पर्धा गर्न योग्य बनाउन लोकसेवा आयोग तयरी कक्षा लगायतका उत्प्रेरणामूलक अभियानहरू सञ्चालन गरिनेछ।

५२. थबाङ गाउँपालिका भित्रका सम्पूर्ण वडाहरूका युवा युवती लगायतका लक्षित वर्गहरूको व्यक्तित्व विकासका लागि उद्घोषणकला लगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

***भौतिक पूर्वाधार तर्फ***

२०. विकास आयोजनाहरू निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गरिनेछ। योजना तयारीका सम्पूर्ण चरणहरू सम्पन्न भएका योजनहरूमा मात्र बजेट विनियोजन गरिनेछ । पालिका गौरवका आयोजना तथा जनताको जीवनस्तर रुपान्तरण गर्ने आयोजनालाई मात्र प्राथमिकतामा राखिनेछ । विकास आयोजनाहरूको अनुगमन तथा मूल्यांकनलाई नतिजामूलक बनाइने छ।

२१. पालिकाभित्र निर्माण भइसकेका पूर्वाधारहरूको टिकाउ र स्तरउन्नतिमा विशेष जोड दिइनेछ। अत्यावश्यक र अपरिहार्य देखिएका ठाउँहरूमा मात्र पूर्वाधार निर्माण गरिनेछ। नयाँ बाटोघाटो खनि जोखिम निम्त्याउँनु भन्दा खनिसकेका बाटोघाटोहरूलाई बाह्रै महिना सञ्चालन हुने गरी स्तरोन्नति गरिनेछ।

२२. संघ तथा प्रदेशबाट समपूरक अनुदानमा कार्यान्वयन गरिने योजनाहरूको गुणस्तरियता कायम गरिनेछ । अघिल्लो आर्थिक वर्षमा शुरु भई निर्माण पूरा नभएका भौतिक संरचनाहरूको निर्माण कार्यलाई पूर्णता दिइनेछ । बहुउद्देशीय हल थबाङ, स्वास्थ्य चौकि कोटलबारा उवा, स्वास्थ्य चौकि मिरुल, महेन्द्र प्रा वि थर्पु, नव चेतना प्रा वि काफलडाँडा, कालिका नेत्रज्योति प्रा वि मरान्ठाना, शारदा आधारभूत विद्यालय फुन्टिबाङ लगायतका संरचनाहरूको निर्माण कार्य सम्पन्न गरिनेछ।

***वन वातावरण तथा विपद व्यवस्थापन तर्फ***

सभाका सदस्यहरू,

५३. वनको क्षेत्रलाई बढाउन तथा वन पैदावारलाई सुरक्षित गरी उचित निकास दिन समुदायसंग हातेमालो गर्दै प्रदेश तथा संघीय सरकारसंग समन्वय गरी वन तथा वातावरणलाई संरक्षण गरिनेछ। जथाभावी वन फडानी तथा कटानलाई निरुत्साहित गरिनेछ। बाँझो जमिनको उपयोग हुने गरी वन कार्यक्रमहरू सञ्चालन गरिनेछ।

५४. स्थानीय स्तरमा उत्पादित बहुमूल्य जडिबुटीको खेति, उत्पादन संकलन, प्रशोधन तथा निर्यातको लागि विशेष नीति अबलम्बन गरिनेछ। रैथाने जडिबुटीको बजारीकरण तथा संरक्षणका लागि पहल गरिनेछ।

५५. महत्वपूर्ण रैथाने वन्यजन्तु तथा जनावरहरुको संरक्षण तथा जीवनको लागि वन क्षेत्रको विकासलाई थप बढावा दिइनेछ।

५६. पालिकाभित्रका खेतियोग्य जग्गाको अनावश्यक खण्डिकरणलाई निरूत्साहित गरिनेछ । भू उपयोग प्रणालीलाई थप व्यवस्थित बनाउन पालिका भित्रको जमिनलाई वैज्ञानिक ढंगले वर्गीकरण गरी पालिकालाई थप व्यवस्थित र सन्तुलित विकास गरिनेछ । थबाङ गाउँपालिकाको भू उपयोग योजना तयार गरी लागु गरिनेछ।

५७. पालिकाभित्र रहेका जलाधार क्षेत्रहरूको संरक्षण गरिनेछ। भू-क्षय तथा वन फडानीबाट हुन सक्ने सम्भावित जोखिमको आंकलन गरी न्यूनिकरणको कार्यक्रमहरू सञ्चालन गरिनेछ।

५८. पालिकाको समग्र विकासलाई मार्गदर्शन गर्ने पालिका विकास गुरु योजना तयार गरिनेछ।

५९. पालिकाभित्रका खोलानालाहरूमा उपलब्ध हुन सक्ने ढुङ्गा, गिट्टी, बालुवा लगायतका प्राकृतिक वस्तुहरुको वस्तुगत अध्ययन गरी अवैध तरिकाले भैरहेको चोरी निकासी अन्त्य गरिनेछ।

६०. विकासले निम्त्याउने जोखिम तथा विपदहरूको तत्कालिन समाधानको उपाय खोजि गरिनेछ। जोखिममा परेका बस्तीहरूको स्थानान्तरण तथा पुनर्निर्माणलाई विशेष जोड दिइनेछ।

६१. सुरक्षित नागरिक आवास कार्यक्रमको कार्यान्वयनलाई वस्तुगत तरिकाले सञ्चालन गरिनेछ। बस्तीहरूको एकिकृत बसोबासका लागि पहल गरिनेछ।

६२. थबाङ गाउँपालिका भित्र निर्माण गरिएको फोहोरमैला व्यवस्थापनको लागि ल्याण्डफील साइटको अध्ययन गरी थप व्यवस्थित गरी यसै आर्थिक वर्षभित्र सञ्चालनमा ल्याइनेछ।

६३. जलवायु परिवर्तनबाट पर्न सक्ने प्रभावसंग अनुकुलन हुने गरी बालिनाली तथा खेति सञ्चालन गर्न अध्ययन गरिनेछ। नदिजन्य प्राकृतिक साधनहरूको अनावश्यक दोहन अन्त्य गरिनेछ। दोहनबाट मानव बस्तिमा पर्न सक्ने प्रभावको अध्ययन गर्न अध्ययन टोलि गठन गरिनेछ।

६४. भूकम्प प्रतिरोधि संरचना निर्माण तथा भूकम्पबाट बचावट सम्बन्धि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

६५. बाढि, पहिरो, भूक्षय तथा जल प्रकोपको अनावश्यक कटान र क्षतिलाई नियन्त्रण गर्न आवश्यक स्थानहरूमा तटबन्ध निर्माण र प्रबलिकरण कार्यलाई प्राथमिकता दिइनेछ ।

६६. थबाङमा उपलब्ध मुहानको पानीको गुणस्तरियता परीक्षण पश्चात यसको ब्रान्डिङ गरी पालिका बाहिर निर्यात गर्ने वातावरणको सिर्जना गरिनेछ ।

६७. जलवायु परिवर्तनको वर्तमान अवस्थामा कृषि तथा खाद्य सुरक्षा, वन तथा जैविक विविधता, जलस्रोत तथा उर्जा, स्वास्थ्य खानेपानी सरसफाई, जलवायुजन्य प्रकोप न्यूनिकरण तथा विपद जोखिम व्यवस्थापन, स्थानीय ग्रामीण तथा सहरी बस्ती, उद्योग यातायात तथा भौतिक पूर्वाधार, पर्यटन एमव प्राकृतिक तथा साँस्कृतिक सम्पदा, लैंगिक समानता तथा सामाजिक समावेशीकरण जिविकोपार्जन तथा सुशासन, जनचेतना अभिवृद्धि तथा क्षमता विश्लेषण तथा अनुगमन लगायतका विषयमा थबाङ गाउँपालिकाको पाँच वर्षे स्थानीय अनुकुलन कार्ययोजनालाई क्रमश कार्यान्वयन गर्दै लगिनेछ ।

६८. गरिबीको अन्त्य, भोकमरीको अन्त्य, गुणस्तरीय शिक्षा, लैङ्गिक समानता, स्वच्छ खानेपानी तथा सरसफाई, मर्यादित रोजगारी, औद्योगिक पूर्वाधार तथा नविन सिर्जना, असमानताको न्यूनिकरण, जलवायु परिवर्तनमा तत्काल पहल, जैविक विविधताको संरक्षण, शान्ति न्याय र सशक्त निकाय लगायतका अन्तर सम्बन्धित विषयमा लक्ष्य हासिल गर्न सामुदायिक संस्था,गैह्र सरकारी संस्था, नागरिक समाज, सहकारी तथा अन्य अनौपचारिक क्षेत्रसंग सहकार्य गरिनेछ ।

६९. जलवायुमैत्री कृषि उत्पादन, कृषि तथा पशु बजारीकरण, उद्यमशीलता विकास तथा सहयोग, वित्तमा पहुँच, लैंगिक समानता तथा सामाजिक समावेशीकरण तथा महिलाको कार्यबोझ घटाउने लगायतका विषयमा गैह्रसरकारी संस्था, नागरिक समाज, सामुदायिक संस्थासंग सहकार्य र समन्वय गरिनेछ ।

***प्रशासनिक तथा सुशासन तर्फ***

२३. थबाङ गाउँपालिकाको समग्र विकासलाई मार्गदर्शन गर्न थबाङ गाउँपालिकाको पहिलो पञ्चवर्षीय आवधिक योजनाको निर्माण गरी योजनाको प्राथमिकीकरण र बजेट विनियोजनलाई थप प्रभावकारी बनाइने छ । बजेट तर्जुमा गर्दा पालिकाको ३ वर्षे मध्यकालीन खर्च संरचना निर्माण गरी योजना र बजेटको सम्बन्धलाई थप व्यवस्थित गरिनेछ ।

२४. *आवधिक योजना र वार्षिक योजना तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासका लागि रणनीति, कार्यक्रम र मापनयोग्य उपलब्धि लक्ष्य समावेश गरिनेछ ।*

१. उपभोक्ताको हित संरक्षणमा विशेष जोड दिइनेछ । पालिकाभित्रका बजारको नियमित अनुगमन गरिनेछ । प्रतिस्पर्धात्मक संस्कृतिलाई बढावा दिइनेछ ।

२. पालिका भित्रका विद्यालय तथा सम्पूर्ण सरकारी कार्यालयहरूमा हुने कार्यमा सूचना प्रविधिको प्रयोगलाई अनिवार्य गराइनेछ । सूचना प्रणालीमा आधारित सेवा प्रवाहको लागि आवश्यक ज्ञान तथा सीपका लागि जनप्रतिनिधि तथा कर्मचारीहरूलाई सूचना प्रविधि सम्बन्धी तालिमको सञ्चालन गरिनेछ ।

३. पालिकाभित्र गरिने विज्ञापनलाई करको दायरामा ल्याइनेछ । पालिकाबाट प्रवाह हुने सेवा सम्बन्धी विवरणमा सबैको पहुँच स्थापना गरिनेछ । कार्यालयमा मगर खाम भाषालाई प्रयोग गर्ने सम्बन्धमा अध्ययन गरिनेछ ।

४. पालिकामा चलिरहेको टेलिकमको टावरको दिर्घकालीन व्यवस्थापनको लागि संघीय सरकारसंग समन्वय गरिनेछ । बाह्रै महिना सुचारू रूपले चल्ने गरी टेलिकम टावरको व्यवस्थापन तथा सञ्चालनका लागि पहल र प्रयास गरिनेछ ।

५. आगामी आर्थिक वर्षभित्र पालिकामा केन्द्रीय विद्युत लाइन विस्तारका लागि संघीय कार्यालयसंग विशेष पहल गरिनेछ । मिनिग्रीडबाट उत्पादन भैरहेको उर्जालाई केन्द्रीय लाइनमा जडान गरिनेछ । पालिकाभित्रका व्यस्त बजार क्षेत्रलाई चोरी तथा डकैटीबाट बचाउन सिसि क्यामेरा जडान गरिनेछ ।

६. पालिकामा सञ्चालित गैहसरकारी संस्थाहरूसंग सहकार्य र समन्वय गरिनेछ । संस्थाहरूका कार्यक्रम तथा योजनाहरूलाई पालिकाको प्राथमिकता प्राप्त क्षेत्रमा परिचालन र व्यवस्थापन गरिनेछ । पालिकाको वार्षिक नीति तथा कार्यक्रममा संयोजन गरी क्रियाकलापहरू सञ्चालन गरिनेछ ।

७. जनप्रतिनिधि तथा कर्मचारीहरूलाई क्षमता अभिवृद्धिको अवसर प्रदान गर्दा कानून बमोजिम सकारात्मक विभेदको नीति अबलम्बन गरिनेछ ।

८. सार्वजनिक प्रशासनलाई सक्षम, जमनुखी तथा प्रतिस्पर्धी बनाइनेछ । कार्यसम्पादनमा उत्कृष्ट कर्मचारीलाई पुरस्कार तथा सम्मान गरिनेछ । कार्यालयको कार्यक्षेत्र, पालिकाको राजस्व क्षमता तथा अन्य विषयक्षेत्रगत संरचनालाई ध्यानमा राखी गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिनेछ ।

९. ***स्थानीय सरकारको कर्मचारीहरूको पदपूर्तिको निर्णय गर्दा समावेशी सिद्धान्त अवलम्बन गरिनेछ ।***

१०. सामाजिक सुरक्षा भत्ता प्रत्येक वडाबाट छिटो छरितो र प्रभावकारी ढंगले वितरणको व्यवस्था मिलाइने छ । सरकारी सेवा प्रवाहमा एकद्वार प्रणाली विकास गरिनेछ । जनगुनासो समयमै सम्बोधन गर्न हेलो पालिका अभियान सञ्चालन गरिनेछ । सेवा प्रवाहको गुणस्तरीयता सुनिश्चित गर्न गुनासो सुनुवाई केन्द्रको व्यवस्था गरिनेछ ।

११. भ्रष्टाचार विरुद्धको शुन्य सहनशीलताको अभियान कार्यान्वयन गरिनेछ। विकास निर्माण एवम् सेवा प्रवाहमा शुन्य सहनशीलता तथा कालोबजारी, एकाधिकार, कृत्रिम अभाव लगायतका विषयहरूमा शुन्य सहनशीलताको नीति अबलम्बन गरिनेछ। समयबद्ध रुपमा नियमित अनुगमन गरिनेछ।

१२. लेखापरीक्षणले औल्याएका विषयहरूमा कडाइका साथ कार्यान्वयन गरिनेछ। लेखा सम्बन्धी विवरणहरू पारदर्शी ढङ्गले अभिलेखीकरण गरिनेछ। आर्थिक पारदर्शीता, वित्तीय अनुशासन र बेरुजु फछर्यौटलाई कडाइका साथ कार्यान्वयन गरिनेछ।

१३. सार्वजनिक खर्चको विनियोजन दक्षता र कार्यान्वयनलाई थप प्रभावकारी बनाइनेछ। चालु खर्चलाई घटाइ पुँजीगत खर्च बढाइनेछ। खर्चको जवाफदेहितालाई थप प्रभावकारी बनाइनेछ। सार्वजनिक खर्चलाई जनताको बृहत्तर हित र कल्याणसंग जोडिनेछ। आर्थिक प्रशासनलाई पारदर्शी, नतिजामुखी र सूचना प्रविधिमा आधारित बनाइने छ।

१४. खरिद कार्यालाई थप पारदर्शी र प्रतिस्पर्धात्मक तथा वस्तुनिष्ठ ढंगले सञ्चालन गरिनेछ। सम्पूर्ण खरिद कार्यमा विद्युतीय प्रणाली अबलम्बन गरिनेछ।

सभाका सदस्यहरू,

१५. आर्थिक वर्ष २०८०/०८१ का लागि प्रस्तावित नीति तथा कार्यक्रमले समृद्ध, सबल र न्यायपूर्ण पालिका निर्माण गर्ने हाम्रो सङ्कल्पलाई साकार पार्न महत्वपूर्ण योगदान दिनेछ भन्ने मैले विश्वास लिएको छु। यस नीति तथा कार्यक्रमको कार्यान्वयनबाट उत्पादन तथा रोजगारीमा बढोत्तरी, विकास निर्माणमा गुणस्तरीयता, गुणस्तरीय स्वास्थ्य तथा शिक्षामा पहुँच वृद्धि हुने तथा सेवा प्रवाहमा आधारभूत परिवर्तन भई जनतामा पालिकाप्रति विश्वास अभिवृद्धि हुने मैले विश्वास लिएको छु। थबाङ गाउँपालिकाबासीको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने दिशामा यो नीति तथा कार्यक्रम कोसेढुंगा सावित हुने विश्वास गर्दै यसमा सभाको पूर्ण समर्थन र कार्यान्वयनमा सबैको सक्रिय सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु।

१६. अन्यमा राजनीतिक दल, राष्ट्र सेवक कर्मचारी तथा सुरक्षाकर्मी, मजदुर, किसान, व्यवसायी, बैङ्क वित्तीय क्षेत्र, सहकारी समुदाय, नागरिक समाज, सञ्चारकर्मी लगायत सम्पूर्ण थबाङ गाउँपालिकाको दाजुभाई तथा दिदीबहिनीहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। थबाङ गाउँपालिकाको विकास र समृद्धिको लक्ष्यमा यहाँहरूको निरन्तर सहयोग प्राप्त भइरहनेछ भन्ने विश्वास व्यक्त गर्दछु।

धन्यवाद।